सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १५२ ♦ २०८० साल फागुन १० गते विहिवार ♦ 22 Feb 2024 पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# मधेश केन्द्रित राजनीतिका प्रभावशाली दुई नेता
## महन्थ ठाकुर र राजेन्द्र महतो अलग हुने सँघारमा

**बिरेन्द्र रमण**

**फागुन ९ गते, महेन्द्रनगर**



मधेशकेन्द्रित राजनीतिका प्रभावशाली दुई नेता महन्थ ठाकुर र राजेन्द्र महतो अलग हुने सँघारमा पुगेका छन्।

'विभेद विरुद्ध मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, दलित सबैले एकजुट भएर लड्नुपर्छ, त्यसका लागि वैचारिक, र ाजनीतिक अभियान शुरू गर्छौं।' लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का वरिष्ठ नेता राजेन्द्र महतो अहिले कार्यकर्ता भेटघाटमा यही वाक्य दोहोऱ्याउँछन्। 'राष्ट्रिय मुक्ति क्रान्तिका लागि अभियान' भन्दै महतो तराई-मधेशमा कार्यकर्तालाई भेटिरहेका छन्। अभियानको तयारीका क्रममा उनी विभिन्न समुदायका व्यक्तिसँग छलफल गरिरहेका छन्।

पार्टीसँग कुनै सरसल्लाह नगरी किन गाउँ गाउँ पुगिरहेका छन्? महतो निकट एक नेता भन्छन्, "लोसपामा नेतृत्वसँग वरिष्ठ नेताजीको कुराकानी मिलिरहेको छैन, नेतृत्वले पनि किनारा लगाएको छ। त्यसैले अभियानबाट नयाँ पार्टीको स्थापना गर्ने तयारी छ।"

अध्यक्ष महन्थ ठाकुरसँग असन्तुष्ट महतोले तराई-मधेशसँगै पहाडमा पनि अभियान चलाउने बताएका छन्। पहाडी क्षेत्रमा विशेष गरेर दलित समुदायलाई समेट्ने उनको योजना छ। सार्वजनिक रूपमा अभियान भने पनि कार्यकर्तासँगको भेटघाटमा भने खुलेरै चर्चा गर्दै आएका छन्। सिरहामा आयोजित कार्यक्रममा सहभागी एक स्थानीय नेता भन्छन्, "राजेन्द्र महतोजी लोसपामा आफ्नो भविष्य नरहेको निष्कर्षमा पुग्नुभएको छ।"

लामो समयदेखि अध्यक्ष ठाकुर सँग दूरी बनाइरहेका महतो पछिल्लो पटक भने केन्द्रीय कार्यसमिति विस्तारबाट असन्तुष्ट बनेका हुन्। लोसपाको केन्द्रीय

*बाँकी पृष्ठ २ मा*

# मजदुर चढेको ट्याक्टर बागमती नहरमा खस्यो, २ जनाको मृत्यु, ७ घाइते

**खबर दर्पण समाचारदाता**

**फागुन ९ गते, सर्लाही**

सर्लाहीको बरहथवामा ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। दुर्घटनामा अन्य ७ जना घाइते भएका छन्।

रौतहटको सीमा नजिकै पर्ने बर हथवा नगरपालिका- १५ पिप्राभित्तामा नम्बर नखुलेको ट्याक्टर बुधबार दिउँसो सडकबाट झण्डै ३० फिट तल बागमती नदीको नहरमा खस्दा ट्याक्टरधनीसहित दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी दीपेन्द्र पञ्जियारले जानकारी दिए।

दुर्घटनामा बाराको गढिमाई नगर पालिका- ९ का ५५ वर्षीय जयलाल सहनी र गढिमाईकै ५० वर्षीय रामनाथ सहनीको मृत्यु भएको डीएसपी पञ्जियार ले बताए। जयलाल सहनी ट्याक्टर धनी हुन्। ट्याक्टर पनि उनैले चलाएको बेला दुर्घटनामा परेको हो।

दुर्घटनामा बारा गढिमाईकै १७ वर्षीय आकाश सहनी, १२ वर्षीय किसन सहनी, ४८ वर्षीया गर्भी देवी सहनी, ४५ वर्षीया सुखली देवी, १८ वर्षीय नितेश सहनी, १६ वर्षीया किशोरी अञ्चलाकुमारी र ६७ वर्षीय वृद्ध रामप्रसाद सहनी घाइते भएका छन्।

'घाइतेमध्ये बालक आकाश सहनी र किसन सहनीको अवस्था गम्भीर छ,' डीएसपी पञ्जियारले नेपालखबरसँग भने, 'गम्भीर घाइतेलाई रौतहटको गरुढामा सामान्य उपचारपछि थप उपचारको लागि वीरगञ्ज लगिएको छ। बाँकी घाइतेको रौतहटकै गौर र गरुढामा उपचार भइरहेको छ।'

बाराबाट आलु खन्न सर्लाही आएका मजदुर सवार ट्याक्टर दुर्घटनामा परेको हो। मृतक र




घाइते सबै एकै गाउँका भएको प्रहरीले जनाएको छ। नम्बर प्लेट पुरानो भएकाले दुर्घटनामा परेको ट्याक्टरको नम्बर पनि खुल्न नसकेको डीएसपी पञ्जियारले बताए। 'घटनाको सम्बन्धमा हामी थप अनुसन्धान गरिरहेका छौं,' उनले भने।

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस्।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेश केन्द्रित राजनीतिका....

कार्यसमिति विस्तार गर्दा आफूलाई बेवास्ता गरेको महतोको गुनासो छ।

अर्कातिर, महतो निकट मानिएका धेरैजसो नेता तथा कार्यकर्ताले लोसपा छाडिसकेका छन्। लोसपा गठनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका महतो आफू निकट नेता अन्य पार्टीमा लागेपछि कमजोर देखिएका छन्। त्यसले पनि ठाकुरले महतोलाई महत्त्व दिएका छैनन्।

तैपनि एक्कासि पार्टी विभाजन गरेर जाँदा प्रत्युत्पादक हुने भएपछि अभियान चलाउने निष्कर्षमा पुगेका हुन्। मधेशकेन्द्रित दलहरू निकै कमजोर भई मधेशका अजेन्डा बिलाउन थालेकाले अभियान मार्फत पुनर्जागृत गर्ने महतोको भनाइ छ।

मधेशबाट शुरू हुने अभियान काठमाडौं पुग्ने र त्यसपछि नयाँ पार्टी गठन हुने महतो निकट नेता बताउँछन्। त्यसको तयारीका लागि जिल्ला भेलाहरू भइरहेका छन्।

वरिष्ठ नेता महतोको जिल्ला दौडाहालाई लोसपा नेतृत्वले पनि शंकाको दृष्टिले हेरेको छ। अध्यक्ष ठाकुरसँगै लोसपा नेताहरू पनि असन्तुष्ट देखिन्छन्। उनीहरू यसबारे पार्टीमा छलफल हुने बताउँछन्। ठाकुर निकट नेता जितेन्द्र सोनल भन्छन्, “वरिष्ठ नेता राजेन्द्र महतोजीले गरिरहेका क्रियाकलापमा पार्टी सहमत छैन, उहाँको गतिविधिबारे पार्टीमा छिटै छलफल हुनेछ।”

महतो निकट लोसपाका नेताहरू भने यसलाई पार्टीले स्वीकार गर्नुपर्ने बताउँछन्। “पार्टीबाट माथि उठेर अभियान सञ्चालन गर्न लागिएको हो। मधेशी जनताको हितका लागि काम गर्न अभियान शुरू हुन्छ,” उनी भन्छन्, “यो जनहितको अभियान हो, यसले पार्टीलाई समस्या हुँदैन र पार्टीले पनि अवरोध गर्छ जस्तो लाग्दैन।”

महतो अलग हुने तयारीमा जुटेपछि ठाकुर पनि अन्य पार्टी र नेतासँग सहकार्य गर्ने प्रयासमा छन्। यसअघि असन्तुष्ट बनेका नेताहरूसँग संवाद गर्न थालेका छन्।

ठाकुर निकट नेताहरूका अनुसार हृदयेश त्रिपाठी र वृषेशचन्द्र लालसँग सहकार्यदेखि पार्टी एकतासम्मको योजना अघि सारिएको छ। त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी (लोसपा) बीच बुधबार मात्रै सहकार्यका लागि सहमति बनेको छ। त्यसलाई लोसपासँग एकता वा सहकार्यको तयारीका रूपमा लिइएको छ।

लोसपाका नेता सोनल राजनीतिमा असम्भव केही नभएको सुनाउँदै विगतमा अलग भएका नेतासँग सहकार्यको तयारीमा लागेको बताउँछन्। “मधेशका मुद्दामा कतिपय शक्तिहरू एक हुन चाहेका छन्। हामीसँग विगतमा कार्य गरेर र कुनै कारणवश अलग भएकाहरूसँग सहकार्यका लागि छलफल भइरहेको छ,” सोनल भन्छन्।

तमलोपा अध्यक्ष लाल पनि लोसपासँग एकीकरण वा सहकार्यका लागि कुराकानी चलिरहेको बताउँछन्। “लोसपासँग सहकार्यको प्रस्ताव औपचारिक रूपमा आएको छैन,” लाल भन्छन्, “पार्टी एकता वा सहकार्यका लागि सोही अनुसार प्रस्ताव आउनुपर्ने हो तर आएको छैन। अनौपचारिक रूपमा कुराकानी भने भइरहेको छ।”

२०६३ सालमा मधेश आन्दोलनका दौरान नेपाली कांग्रेसको कोषाध्यक्षबाट राजीनामा दिएर ठाकुर मधेशकेन्द्रित राजनीतिमा होमिएका थिए। गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा मन्त्री रहेकै वेला ठाकुरले कांग्रेस परित्याग गरेका थिए। उनको नेतृत्वमा तराई मधेश लोकतान्त्रिक पार्टी गठन भएको थियो।

त्यही वेला नेपाल सद्भावना पार्टी परित्याग गरेर त्रिपाठी पनि तमलोपामा आबद्ध भएका थिए। वरिष्ठ उपाध्यक्षको जिम्मेवारी पाएका त्रिपाठीले २०७४ सालको स्थानीय चुनावका क्रममा ठाकुर को साथ छाडेका थिए।

त्यस्तै, लाल पनि ठाकुरसँग अलग भएर तमलोपा गठन गर्न पुगेका थिए। त्रिपाठी र लालले साथ छोडेपछि महतो ठाकुरसँग उभिएका थिए। तर अहिले महतोले साथ छोड्न लागेपछि ठाकुर पुराना सहयात्रीलाई फकाउन थालेका हुन्।

# जमुनी थला परेपछि चार नातिनातिनाको बिजोग



**शैलेन्द्र महतो**

**फागुन ९ गते, जनकपुरधाम**

महोत्तरीको सम्सी गाउँपालिका-६ की ७२ वर्षीया जमुनी शेषिन केही समययता हिँडडुल गर्न सक्दिनन्। घुँडा दुख्ने, हातगोडा र जीउ सुन्निने समस्याले उनलाई च्यापेको छ। २० हजार रुपैयाँ खर्च गरेर भारतको सीतामढीमा उपचार गराइन्। केही समय सञ्चो भए पनि पछि उस्तै भयो।

बिरामी भएर थलिएकी जमुनीको सहारा भनेको १५ वर्षमुनिका चार नातिनातिना छन्। ‘राम्रो डाक्टरकोमा गएर उपचार गराउन पैसा छैन। साँझबिहान बलाबच्चालाई खुवाउनै मुस्किल हुन्छ अनि कहाँबाट उपचार गराउँ ?,’ जमुनी भन्छिन्।

जमुनीका जेठी नातिनी मुस्कान १५ वर्षकी भइन्, उनीपछिका नाति रेहान आलम १३ वर्षका भए। उनीहरुपछि ११ र ९ वर्षकी दुई नातिनी छन्। सानी नातिनी ४ महिनाकी हुँदा जमुनीका छोरा सागिरको मृत्यु भएको थियो।

जमुनीका एक मात्र सन्तान सागिर भारतको अहमदावादमा कपडाको बुट्टा काट्ने कम्पनीमा काम गर्ने क्रममा बिरामी

बाँकी पृष्ठ ३ मा

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन**- समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कर्कट** - लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जमुनी थला परेपछि .........

परेका थिए । घर फर्केको तीन महिनापछि मृत्यु भयो ।

सागिरको मृत्यु भएको केही महिनापछि बुहारी मेहनाज खातुन छोराछोरी छाडेर माइती भारतको सीतामढी गइन् । अहिले उनले अर्को विवाह गरिसकेकी छिन् ।

चार नातिनातिनाको पालनपोषण जिम्मा जमुनीको हातमा आयो । बुढेसकालमा जमुनीले अर्काको घरमा भाँडा माझ्ने काम गरेर नातिनातिना हुर्काइन् । तर अहिले शरीर नै नचल्ने भएपछि बालबच्चाले के खान्छन् भन्ने चिन्ताले उनलाई पिरोलेको छ । नागरिकतामा उनको जन्म मिति २००८ वैशाख १ गते छ । यस अनुसार उनी ७२ वर्ष पूरा भइसकिन् । नेपाल सरकारले ६८ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई वृद्धभत्तावापत मासिक चार हजार रुपैयाँ दिन्छ, जमुनीले भने यो भत्ता पाएकी छैनन् । भत्ता पाएको भए पनि नातिनातिनाको पालनपोषणमा धेरै भरथेग हुने जमुनी बताउँछिन् ।

उनले पटक पटक वडाध्यक्षलाई वृद्धभत्ताको लागि सिफारिस गरि दिन भनेकी छन् । तर वास्ता नगरेको गुनासो गर्छिन् ।

'उनले तपाईं श्रीमानको मृत्यु दर्ता लिएर आउनुस् भन्यो । मलाई छाडेर गएको श्रीमानलाई कहाँ खोज्न जाऔं उहाँ जिउँदै हुनुहुन्छ कि बित्नुभयो, थाहा छैन', जमुनी भन्छिन् ।

आफू ६८ वर्ष पुगेको आधारमा वृद्धभत्ता दिनुपर्ने जमुनीको माग छ । 'वृद्धभत्ता पाइरहेको भए आज ठूलो राहत हुन्थ्यो', उनी भन्छिन् ।

सम्सी गाउँपालिका-६ का वडाध्यक्ष शेष उमैर आफूले जमुनीको नागरिकता नदेखेकाले उमेर थाहा नभएको बताए ।

'मलाई उहाँले कहिले पनि नागरिकता देखाउनुभएन । तीन महिनाअघि उहाँले मसँग वृद्धभत्ताबारे कुरा गर्नुभएको थियो । मैले नागरिकता लिएर आउनू भनेको थिएँ, तर आउनुभएन', वडाध्यक्षको जवाफ छ ।

यता जमुनीले वृद्धभत्ता पाएकी छैनन्, उता जमुनीका चार नातिनातिनाको अहिलेसम्म जन्मदर्ता छैन । त्यसको कारण हो जमुनीका छोरा सागिरको नागरिकता नहुनु ।

छोराको नागरिकता नहुनुमा जमुनीसँग पीडादायी कथा छ । उनको निकाह विवाह महोत्तरीको गौशाला नगर पालिका-१० का शेष मञ्जुरसँग भएको थियो । छोरा सागिर जन्मेको पाँच वर्षपछि शेष मञ्जुरले अर्को विवाह गरेर घर छाडे । वर्षौंसम्म घर फर्केनन् । बेसहारा बनेकी जमुनी छोरालाई लिएर माइत सम्सी फर्किइन् । छोरालाई पाल्न मजदुरी गर्न थालिन् ।

२०६३ मा गाउँमा नागरिकता वितरण टोली आउँदा उनले नागरिकता बनाइन् । तर, पति सम्पर्कमा नभएका कारण छोरा सागिरको नागरिकता बनेन । सागिर हुर्किएर कमाउन थालेपछि जमुनीलाई राहत भयो ।

छोराको कमाइबाट किनेको जमुनीको नाममा सम्सीमा ६ धुर जग्गा छ । त्यसमै फुसको घर बनाएर आमा छोरा बस्न थाले । सागिरले बिहे गरेर छोराछोरी जन्मिए पनि आफ्नै नागरिकता नहुँदा जन्मदर्ता गर्न सकेनन् । जन्मदर्ता नभएकै कारण विद्यालय भर्ना हुन पाएनन्, घरनजिकैको मदरसामा केही वर्ष पढेर पढाइ टुंग्याए । नातिनातिनाको जन्मदर्ताको लागि पटक पटक जनप्रतिनिधिलाई गुहार्दा वास्ता नगरेको जमुनीको दुखेसो छ । वडाध्यक्ष उमैर जमुनीको वृद्धभत्ता र नातिनातिनाको जन्मदर्ता छिट्टै बनाइदिने बताउँछन् ।

घरको दयनीय स्थिति भएपछि १३ वर्षका रेहान ६ महिनाअघि कामको खोजीमा भारत पुगेका छन्, अहिले उनी कपडामा बुट्टा भर्ने काम सिकिरहेका जमुनी बताउँछिन् ।

# धनुषामा दुई चरणमा दादुरा-रुबेला बिरुद्धको खोप अभियान


दादुरा-रुबेला बिरुद्धको खोप अभियान सफल पारौं ।



९ महिना देखि १५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई स्थानीय तोकिएका विद्यालय खोप केन्द्रमा लगि दादुरा-रुबेला रोग बिरुद्धको खोप लगाऔं ।


**खबर दर्पण समाचारदाता**

**फागुन ९ गते, महेन्द्रनगर**

मधेश प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा दादुरा-रुबेला बिरुद्धको खोप अभियान २०८०-८१ अन्तर्गत धनुषा जिल्लामा दुई चरणमा खोप लगाइने भएको छ ।

जनकपुरधाम उपमहानगर पालिका खोप समन्वय समितिले बुधवार स्थानीय तथा वडा स्तरीय तहमा दादुरा रुबेला खोप सम्बन्धी बैठक तथा अभिमुखीकरण गोष्ठिको आयोजना गरेको हो ।

जनकपुरधाम उपमहानगर पालिकाका मेयर मनोज कुमार साहले ९ महिना देखि १५ वर्ष सम्मका बच्चाहरुलाई दादुरा-रुबेला विरुद्धको खोप लिन आग्रह गरे ।

मेयर साहले दादुरा-रुबेला खोप केन्द्रको व्यवस्था विद्यालयहरुमा भएकाले प्रधानाध्यापकहरुलाई अभियानलाई सफल बनाउन निर्देशन दिए ।

उनले दादुरा-रुबेला महामारी विभिन्न जिल्लाहरुमा फैलिएको हुंदा रोगसंग लड्ने क्षमता प्रदान गर्न तथा सुरक्षित रहनका लागि खोप लगाउनु आवश्यक रहेको ध्यानाकर्षण गराए ।

उनले जनकपुधाम उपमहानगर पालिका अन्तर्गत ९ वटा वडामा खोपपूर्ण घोषणा तथा १० वटा केन्द्रको स्थापना भएपनि महुवा तथा लोहनामा संक्रमित फेला पर्दा खोप लिन जरुरी रहेको बताए ।

दादुरा-रुबेला खोप अभियानलाई प्रथम चरण र दोस्रो चरण गरि दुई चरणमा बांडेका छन् ।

धनुषाको १८ वटा स्थानीय तहमध्ये पहिलो चरण फाल्गुन १३ गते देखि २१ गते सम्ममा ९ वटा स्थानीय तहमा खोप सेवा उपलब्ध गराइने कार्यक्रम रहेको छ ।

स्थानीय तह अन्तर्गत जनकपुरधाम उपमहानगर पालिका, नगराईन नगरपालिका, मुखियापट्टि मुसहरनिया गाउंपालिका, हंसपुर नगर पालिका, लक्ष्मीनिया गाउंपालिका, क्षिरेश्वर नगर पालिका, बटेश्वर गाउपालिका, मिथिला नगरपालिका, गणेशमान चारनाथ नगर पालिकामा दादुरा रुबेला खोपको सेवा दिईने जिल्ला स्वास्थ्य कार्यालय धनुषाका खोप अधिकृत राजदेब यादबले जनाए ।

अधिकृत यादवले दोस्रो चरणमा धनौजी गाउंपालिका, औरही गाउंपालिका, विदेह नगर पालिका, जनकनन्दनी गाउंपालिका, कमला नगर पालिका, शहिदनगर नगर पालिका, सबैला नगरपालिका, धनुषाधाम नगरपालिका, मिथिला बिहारी नगरपालिकामा खोप लगाइने ब्यवस्था रहेका बताए ।


## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**



## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

**मिथिला नगरपालिका, धनुषा**



## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र विद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

**नगराईन नगरपालिका, धनुषा**



अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं ।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं ।

सुरक्षित रुपम

**धनुषाधाम नगरपालिका, धनुषा**

# हृदयेश त्रिपाठी र विषेशचन्द्र लालको पार्टीबीच कार्यगत एकता




**खबर दर्पण समाचारदाता**
**फागुन ९ गते, महेन्द्रनगर**

वृषेशचन्द्र लाल नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टी र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशिल पार्टी नेपालबीच कार्यगत एकता भएको छ। दुवै दलका अध्यक्षले विहिवार पाँच बुँदे सहमति पत्रमा हस्ताक्षर गरेका छन् ।

संविधानमा समसामयिक संशोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्न, सुशासन र समृद्धिको लक्ष्य प्राप्त गर्न,सबै प्रकारका विभेद अन्त्य गर्न, अर्थतन्त्रमा सुधार तथा कृषि उत्पादनमा वृद्धि र किसानको हितमा क्रियाशील रहन र लाल आयोगको प्रतिवेदन सार्वजनिकरण तथा कार्यान्वयन गराउन दुवै दल सहमत भएका छन् ।

उनीहरुले आफूहरुको यो अभियानमा सरिक हुन लोसपा, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी लगायतका दलहरुलाई अनुरोध पनि गरेका छन् ।

# विद्यार्थीलाई बलात्कार प्रयास गरेको आरोप लागेका शिक्षक कारागार चलान

**खबर दर्पण समाचारदाता**
**फागुन ९ गते, सर्लाही**

आफूले पढाउँदै आएकी किशोरीलाई जबरजस्ती करणी प्रयास गरेको आरोपमा हरिवनबाट एक महिनाअघि पक्राउ परेका एक शिक्षक कारागार चलान भएका छन्।

हरिवन नगरपालिका-११ घर भइ हरिवन- १० क्याम्पस टोलमा रहेको मोडल युरिका बोर्डिङ स्कुलमा कार्यरत शिक्षक ४२ वर्षीय रवीन कार्कीलाई सर्लाही जिल्ला अदालतले मंगलबार पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको हो।

घरमा कोही नभएको मौका छोपेर कार्कीले गएको माघ १० गते किशोरीलाई जबर्जस्ती करणीको प्रयास गरेको आरोप छ। किशोरीले प्रतिवाद गरेपछि घटना बाहिरिएको थियो।

पीडित पक्षको उजुरीको आधारमा प्रहरीले कार्कीलाई त्यतिबेलै पक्राउ गरेको थियो।

थप अनुसन्धान पश्चात जिल्ला सरकारी वकिल कार्यालय मार्फत् सोमबार सर्लाही जिल्ला अदालत मलंगवामामा पेस हुँदा कार्कीलाई पुर्पक्षको लागि कारागार कार्यालय मलंगवा पठाउने आदेश भएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिल गिरीले जानकारी दिए।

## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्वारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

**तपसील**

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस विनायक होटल**
**सिट संख्या : २ जना (स्नातक तह)**
**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**
**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**
वर्दिवास, महोत्तरी
सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५

## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- बिद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- बिद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

**एकडारा गाउँपालिका, महोत्तरी**

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**मनरा सिस्वा नगरपालिका, महोत्तरी**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

**विदेह नगरपालिका, धनुषा**

## सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा